जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

प स: ०८०।०८१
च नं: ९६१

विषयः आ.व. २०८०।०८१ को लागि कवाडी मालसामान र जीवजन्तु बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी शीलबन्दी दरभाउपत्र पेश गर्ने १५ दिने सूचना।

सूचना प्रकाशित मितिः २०८०।०५।११

आ.व. २०८०।०८१ को लागि जैमिनी नगरपालिका क्षेत्र भित्रका उद्योग कलकारखाना,व्यवसाय, पसल/फर्म आदिबाट निस्कने कवाडी मालसामानहरु र प्रचलित कानून बमोजिम निषेधित गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला, वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे बापत बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्र प्राप्त इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस नगरपालिकाबाट जारी गरिएको तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्रमा रीतपुर्वक पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र. सं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्युनतम ठेक्का मुख्य रु.( भ्याट बाहेक) | शिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | कबाडी माल, सामान तथा अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला, बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन | कुस्मीसेरा बजारक्षेत्र लगायत नगरपालिकाको सम्पूर्ण क्षेत्रभित्र | १,५०,०००।- | १०००।- |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

प स: ०८०।०८१
च नं:

सर्तहरुः

१. नियमानुसार लाग्ने कर व्यक्ति, ठेकदार/फर्म र संस्थाले बुझाउनुपर्नेछ ।

२. बोल कबोल गरेको ठेक्का अंकको ५ % ले हुने धरौटी रकम यस कार्यालयको ग.३.१.धरौटी खाता नं. ०४५०१००००१२३ मा जम्मा गरी सो को सक्कल भौचर (दरभाउपत्रसहित) पेश गर्नुपर्नेछ ।

३. ठेक्का बोलकबोल गरेको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिईनेछ (कर बाहेक) ।

४. ठेक्का दरभाउपत्र पेश गर्ने दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिनको १२ बजेसम्म पेश गर्न सकिनेछ र सोही दिनको ५.०० बजे यस कार्यालयमा प्रतिनिधिको रोहबरमा दरभाउपत्र खोलिनेछ ।प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. ठेक्का स्वीकृत भएपछि कबोल अंकको ६०% रकम र उक्त रकमको १३% ले हुने भ्याट रकम र १.५ % अग्रिम आयकर समेत अग्रिम भुक्तानी गर्नुपर्नेछ । बाँकी रहेको रकमको हकमा बैंक ग्यारेन्टी वा सो बराबरको जमानत पेश गर्नुपर्नेछ र सोही आधारमा बाँकी रहेको रकम नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर र अग्रिम आय कर सहित दुई किस्तामा बुझाउनुपर्नेछ ।

६. ठेक्का सम्बन्धी अन्य कुरा बुझ्नुपर्ने भएमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ र दरभाउपत्र फारम यस कार्यालयवाट रु. १०००।- तिरी खरिद गरेर विवरण भरी पेश गर्नुपर्नेछ ।

७. ठेक्का अवधि २०८१ असार मसान्तसम्म हुनेछ ।

८. ठेक्का न्यूनतम अंक १,५०,०००(अक्षरुपी एक लाख पचास हजार) मात्र रहेको छ (मूल्य अभिवृद्धि र अग्रिम आयकर बाहेक)।

९. ठेक्का स्वीकृत गर्ने, नगर्ने अधिकार नगरपालिकामा हुनेछ ।

१० अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत